बाह्रदशी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चकचकी, झापा
कोशी प्रदेश, नेपाल

नेपाल सम्वत् ११४६

# सेवा करारमा कर्मचारी पदपूर्ती गर्ने सम्बन्धी सूचना

**सूचना नं.:- १२९/०८२-०८३, मिति २०८३/०३/१५**

बाह्रदशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा रिक्त रहेका तपसिलका पदहरुमा प्रचलित कानून बमोजिम खुला प्रतिस्पर्धाद्धारा कर्मचारी सेवा करारमा पदपुर्ती गर्नुपर्ने भएकोले तोकिएको न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजस्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा उपस्थित भई वा अनलाईन मार्फत दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ

**तपशिल:-**

| क्र. सं. | विज्ञापन नं. | विज्ञापन को किसिम | पद | सेवा/समूह/उपसमूह/तह | माग पद संख्या | परिक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | १७।२०८२-८३ | खुल्ला | मनोसामाजिक परामर्शकर्ता | (सामी) कार्यक्रमतर्फ/ पाचौं तह | १ | ५००।०० |

क. **परीक्षा किसिम:-** लिखित र अन्तर्वार्ता ।

ख. **परीक्षा मिति:-** अर्को सूचनाद्धारा तय गरिनेछ ।

ग. **परीक्षा केन्द्र:-** बाह्रदशी गाउँकार्यपालिकाको कार्यालय,चकचकी झापा ।

घ. **दरखास्त दस्तुर बुझाउने विधि र स्थान:** गाउँपालिकाको कार्यालयमा उपस्थित भई वा कुनै पनि बैङ्कमार्फत SuTRA बाट सृर्जित भौचरबाट गाउँपालिकाको देहायको विवरणको आन्तरिक राजस्व खाता वा स्थानीय तह राजश्व पोर्टल मार्फत अनलाईन भुक्तानी गर्न सकिनेछ ।

**राजस्व खाताको विवरण:**

- **कार्यालय कोड:** ८०११२५०५००१
- **राजस्व शिर्षक:** १४२२४
- **राजस्व शिर्षकको नाम:** परीक्षा शुल्क
- **बैंक खाता नं:** ०८३००८७०५००००११३
- **खाताको नाम:** आन्तरिक राजस्व खाता
- **खाता रहेको बैंक:** माछापुच्छ्रे बैंक

ङ. **दरखास्त दस्तुर बुझाउने अवधि:-** दरखास्त दिन पाउने अन्तिम मिति सम्म।(उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)

च. **दरखास्त दिने अन्तिम मिति:** मिति २०८३।०३।२६ गते सम्म ।

छ.**उम्मेद्धारको उमेरको हद:-** दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा भई ४० ननाघेको ।

गजेन्द्र श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

**ज.तलब/पारिश्रमिक:-** प्रचलित नियम बमोजिम हुनेछ।

**झ.आवश्यक न्यूनतम योग्यता:**

(क) मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिसटेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वविद्यालयबाट पब्लिक हेल्थ/नर्सिंग/मनोविज्ञान/समाजशास्त्र/सोसिएल वर्कमा स्नातक तह/स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतिर्ण गरेको वा पोष्टग्राजुएट डिप्लोमा ईन काउन्सेलिङ उतिर्ण गरेको।

(ख) मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण पत्र भएकोलेलाई बिशेष प्राथमिकता दिईनेछ।

(ग) कम्प्युटर सम्बन्धी आधाररभुत ज्ञान तथा अनुभव (Word, Excel, powerpoint, Email/ internet आदि भएको) नेपाली भाषामा प्रतिवेदन तयार गर्न सक्ने।

**वा**

सामी कार्यक्रम अन्तर्गत कार्यरत मनोसामाजिक परामर्शकर्ताको सन्दर्भमा ; कम्तिमा प्रविणता प्रमाणपत्र तह वा १०+२ वा सो सरह उतीर्ण गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी सो केन्द्रबाटप्रमाण पत्र प्राप्त गरेको र केन्द्रको तालिम सूचना व्यवस्थापन प्रणालीमा सूचिकृत भएको।

**ट. दरखास्त फाराम पाइने स्थान:-** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी झापा वा कार्यालयको वेवसाईट www. bahradashimun.gov.np मा गई करार सेवा पदको लागि दरखास्त फाराम डाउनलोड गर्न सकिनेछ।

**ठ. दरखास्त फाराम बुझाउने स्थान:** बाह्रदशी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, चकचकी, झापा वा vacancy.bahradashirm@gmail.com मा बुझाउन सकिनेछ।

**ड.दरखास्त फारामसाथ पेश गर्नु पर्ने कागजातहरु:-** आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरु (१) आफूले दरखास्त दिन चाहेको पद विज्ञापन नं. खुलाई दिएको निवेदन, (२) तोकिएको आवेदन फाराममा विवरण भरी फोटो समेत टाँस गरी १(एक) प्रति, (३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, (४) तोकिएको न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि, (५) कार्य अनुभव खुल्ने कागजातहरु ।

**ढ.विस्तृत जानकारीको लागि:-** सम्पर्क नं. ९८५२६६५५८८

**द्रष्टव्य:**

(क) कार्यालयद्धारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन।

(ख) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकता, सेवाको अनुभव आवश्यक भनी उल्लेख गरिएका कागजातहरुको सक्कल प्रतिका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

(ग) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनुपर्नेछ। विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्दछ

(घ) पाठ्यक्रम तथा अन्य व्यवस्था: लोकसेवा आयोगद्धारा निर्धारित सम्बन्धित सेवा/समूहको पाठ्यक्रम साथै अन्य प्रचलित कार्यविधि (सुरक्षित आप्रवासन कार्यक्रम सञ्चालन मार्गदर्शन २०८१)।

०२।१५

गजेन्द्र थपलिया
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner